महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## कमलबजार नगरपालिका

अछाम





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## कमलबजार नगरपालिका

### अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## कमलबजार नगरपालिका

अछाम

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण निर्देशनालय,** सुदूरपश्चिम

पत्र संख्याः २०७९।८०
च.नं. ४८८,

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू ,
कमलबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
अछाम ।

**कैफियत सहितको राय**

हामीले कमलबजार नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३ करोड ९५ लाख ९५ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १९ लाख २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड २३ लाख ४२ हजार, नियमित गर्नुपर्ने रु १ करोड ५२ लाख २ हजार र पेश्की रू. १ लाख ३० हजार रहेको छ । पालिकाको गतबर्षसम्म रु ८ करोड १९ लाख २ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ११ करोड ९७ लाख ४३ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३.नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ताराप्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

# कमलबजार नगरपालिका अछाम

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोध भर्ना नलिए को | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४३ | २७ | ३९५९५ | ० | ० | ० | ४३ | २७ | ३९५९५ | १९२१ | १५२०२ | २२३४२ | ० | ० | ३७५४५ | १३० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कमलबजार नगरपालिका अछाम | ८१९०२ | ० | १७५४ | ८०१४८ | ० | ३९५९५ | ११९७४३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : कमलबजार नगरपालिका, अछाम , कमलबजार नगरपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | khadga bahadur bista | २०७४-५-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | sarad prasad dhungana | २०७४-१-२७ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३९,५९५,५२२.९५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,५३,६२,९५०.८९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१,३६,०८,४४२.०५ | **चालु खर्च** | ४८,१६,२९,५४६.११ |
| **प्रदेश सरकारबाट अनुदान** | १,४२,२१,५४३ | **पूँजीगत खर्च** | १२,६०,२८,४४३.२२ |
| **राजश्व बाँडफाँट** | ७,७८,००,३७६.५ | **वित्तीय/अन्य व्यवस्था** | २६,५६,८८७.०८ |
| **आन्तरिक आय** | ४१,६३,९६९.७५ | | |
| **अन्य आय** | १,३६,३३,५०५ | | |
| **कुल आय** | ६२,३४,२७,८३६.३ | **कुल खर्च** | ६१,०३,१४,८७६.४१ |
| **बाँकी मौज्दात** | | ५,८४,७५,९१०.७८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, १२०.७८वर्ग किलोमिटर क्षेत्रफल तथा ३०४०० जनसंख्या रहेको छ ।<br><u>वित्तीय विवरण विश्लेषण</u><br>**१. वित्तीय विवरण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधीलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>▪ स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.५३५२६८९.०० ले फरक देखिएको छ ।<br>▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>अनुदान फिर्ता<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित चालुमा नै फिर्ता गरेको छ।
<table>
<tr><td rowspan="2">अनुदान प्रदान गर्ने निकाय</td><td rowspan="2">अनुदानको प्रकार</td><td>प्राप्त रकम</td><td>खर्च रकम</td><td>फिर्ता रकम</td></tr>
<tr><td>रु हजारमा</td><td>रु हजारमा</td><td>रु हजारमा</td></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>३११७९३</td><td>२७४८००</td><td>३६९९३</td></tr>
<tr><td></td><td>विषेश</td><td>५८००</td><td>२६३७</td><td>३१६३</td></tr>
<tr><td></td><td>समपुरक</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>अन्य</td><td></td><td></td><td></td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>विषेश</td><td>५०००</td><td>४७९७</td><td>२०३</td></tr>
<tr><td></td><td>समपुरक</td><td>२९९७</td><td>२९९७</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>३२५५९०</td><td>२८५२३१</td><td>४०३५९</td></tr></table></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>बैंक हिसाब मिलान नगरेको<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा नगरपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन ।<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th></tr>
<tr><td>१</td><td>संचित कोष खाता</td><td>४३३७४६९६।९</td><td>१०३८०६५१।६७</td></tr>
<tr><td>२</td><td>चालु खाता</td><td>०</td><td>२४६५८३३५।२५</td></tr>
<tr><td>३</td><td>पूंजीगत</td><td>०</td><td>१५६५६४९८।७८</td></tr>
<tr><td>४</td><td>कल्याण कोष खाता</td><td>३५७९२००</td><td>३५७९२००</td></tr>
<tr><td>५</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>१५०५२८२।६७</td><td>१५०५२८२।६७</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | § दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>§ नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>§ वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>§ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानी ETDSसमेत गरेको पाइएन ।<br>§ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>§ सार्वजनिक खरिद नियमावली, २९६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>§ ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>§ नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>§ स्थानीय सरकार सञ्चालन ऐन, २९७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | § सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथाकार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>§ संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>§ नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br><br>§ सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>§ वातावरणको संरक्षण एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br><br>§ नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २३ र प्रशासनिकतर्फ ४१ समेत ६५ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमश: ४४ पदपूर्ती भएको विवरण प्राप्त भएको छ । प्रमुख प्रशासकिय अधिकृत लगायत २१ पद रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br><br>§ सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>§ तोकिए वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | § संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br><br>§ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस नगरपालिकाले हालसम्म २१ ऐन, ६नियमावली, २३कार्यविधि तथा निर्देशिका समेत ५५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट पेश पारित र अख्तियारी**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनकोदफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाका नगर उप-प्रमुख श्रीभूमीशरण ढकाल वजगाईले आर्थिक वर्ष २०७८।७९ को लागी २०७८।३।१० मा रु.४७ करोड ५९ लाख ९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| ६ | | | **योजना र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष बोलपत्र तथा उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजनाख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>५२</td><td></td></tr>
<tr><td>२</td><td>रु १ लाख देखि पाँच लाख सम्मका योजना</td><td>५८</td><td></td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>३७</td><td></td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>२७</td><td></td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>०</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७४</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>अबण्डा बजेट<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो बर्ष रु.१ करोड १३ लाख ६९ हजार अबण्डा राखेको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उक्त अबण्डा रकम नगर कार्यपालिकाको पटक पटकको निर्णयवाट रु. १करोड १३ लाख ६९ हजार खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>चौमासिक खर्च<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूंजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।<br><br>
<table>
<tr><th rowspan="2">सि .नं</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>१</td><td>चालु खर्च तर्फ</td><td>३४४४७२</td><td>७२६४१</td><td>७९८९९</td><td>१९१९३०</td><td>१०१७१८</td></tr>
<tr><td>२</td><td>पूजिगत खर्च</td><td>११५०६४</td><td>१६८९</td><td>२५८१२</td><td>८८४६२</td><td>६०५८५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४६९४३५</td><td>७४३९१</td><td>१०५७११</td><td>२८०३९३</td><td>१६२३०३</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td></td><td>१६</td><td>२३</td><td>६१</td><td>३५।३५</td></tr>
</table>
नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार तेस्रो चौमासिकमा रु.८ करोड ८४ लाख ६२ हजार अर्थात कूल पूंजीगत खर्चको ६१ प्रतिशत खर्च गरेको छ । आषाढ महिनामा मात्र कूल पूंजीगत खर्चको ५२।२५ प्रतिशत खर्च देखिनुले</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वर्षान्तमा मात्र विकाश निर्माण कार्यमा खर्च भएको देखिएकोले सन्तुलित खर्च भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च<br><br>स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।<br>
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट (रु हजारमा)</th><th>खर्च रकम (रु हजारमा)</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>१३८३३</td><td>१२२६१</td><td>८६।६३</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>३५७४१८</td><td>३१३६०४</td><td>८७।७४</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>६२७६३</td><td>५०४५४</td><td>८०।३८</td></tr>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>संस्थागत विकास र सेवा प्रवाह</td><td>३९४६६</td><td>२३२८७</td><td>५९</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>७७४१९</td><td>६०८२९</td><td>७८S५७</td></tr>
</table>
नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.३३९७३६९।६७ राजस्व बाँडफाँड र अनुदानबाट रु.६२००३०४६६।४४ समेत रु. ६२३४२७८३६।११ आम्दानी भएकोमा चालु तर्फ रु.४८१६२९५४६।११ र पूँजिगत तर्फ रु. १२६०२८४४३।२२ समेत रु.६१०३१४८७६।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा०।५५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुबिधामा रु. १०३०६०००।० खर्च भएको छ जुन आन्तरिक आयको ऋणात्मक ३०३ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७।६७ प्रतिशत चालु र २०।३३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |
| १० | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ६२ जना कर्मचारीहरु करारमा राखी रु. १२७५०७८०।० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले माथि उल्लेखित पद वाहेकको सहायक कम्प्यूटर अप्रेटर पदमा समेत १० जना करार नियुक्ति गरी बर्षभरीमा रु.२३४००००।० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले अनियमित भएको रु | २,३४०,००० |
| ११ | | | **वडा सचिवको पदपूर्ति**<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १० | १० | ० | १० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **सेवाप्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १ वटा ऐन, वटा नियमावली र १ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ३८५८ |
| मृत्युदर्ता | ३५२ |
| बसाईसराई दर्ता | ५९४ |
| विवाह दर्ता | ३४१ |
| सम्बन्धविच्छेद दर्ता | १ |
| पूर्वाधार विकास सडक निर्माण | ० |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr><tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr></table> स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन। | |
| १३ | | | **कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२००००००।० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी नगरपालिका अनुदानबाट सोझैकर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीयतहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ । | |
| १४ | | | **न्यायीक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष १२ वटा दर्ता भएको मध्ये १० वटा फछर्यौट भई २ वटा बाँकी देखिंदैन। | |
| १५ | | | **आन्तरिक लेखा परीक्षण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीयतहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले २०७८।७९ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १६ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीयतहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १०२२०८५।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| १७ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस नगरपालिकाले यो वर्ष १०० जना व्यक्ति एवं संघ संस्थालाई रु.७९४०००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १८ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण**<br><br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरीअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरीअभिलेख राख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **जिन्सी व्यवस्थापन र लगत अद्यावधिक**<br><br>कार्यालयमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई माग फारामको आधारमा हस्तान्तरण जनाई मौज्दात घटाएको पाइयो ।अतः उक्त सामानहरु वडा कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण हराउन सक्ने देखिएकोले सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ ।, | |
| २० | | | **रसिद नियन्त्रण खाता**<br><br>नगरपालिकाले आन्तरिक आय तर्फ प्रयोग हुने नगदी रसिद नियन्त्रण खाता व्यवस्थित गरी राखेको पाईएन । गत वर्षको जिम्मेवारी रसिद ठेली संख्या यो वर्ष छपाइ गरेको रसिद ठेली संख्या , यस वर्षको खर्च र बांकी रसिद ठेलीको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राख्नु पर्दछ । यो वर्ष प्रयोग भएका सबै रसिद फिर्ता गरी आम्दानी एकिन गर्नुपर्दछ । आम्दानी तर्फ गोश्वारा भौचर खडा गरी वैंक दाखिला विवरण समेत अद्यावधिक गरी राख्नु पर्नेमा वैंक दाखिला विवरण तयार गरेको छैन । | |
| २१ | | | **कर तथा शुल्क असुली**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>आय शीर्षक \| अनुमान \| असुली \| असुली प्रतिशत | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>१४६०</td><td>४५२</td><td>३०|९५</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>३५०</td><td>४२८</td><td>१२२|२८</td></tr>
<tr><td>व्यवसाय कर</td><td></td><td></td><td></td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>३९९४</td><td>२५१७</td><td>६३</td></tr>
</table>
नगरपालिकाले यो वर्ष विभिन्न शिर्षकमा रु. ३३९७३६९|६७ आम्दानी गरेको छ ।नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
शिक्षक दरबन्दी र पदपूर्ति
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><td>सि.नं</td><td>विद्यालयको नाम</td><td>शिक्षक दरबन्दी</td><td>पदपूर्ति</td><td>राहत</td><td>पदपूर्ति मध्ये करार</td><td>विद्यार्थी संख्या</td></tr>
<tr><td>१</td><td>४६</td><td>९९</td><td>२०२</td><td>१०३</td><td>१९</td><td>९७८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता</td><td>१०,९०४,३३०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।नगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका ४३ विद्यालयलाइ रु १०९०४३३०।०० वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको पाईयो। विद्यालयको आन्तरिक श्रोतवाट तलव भत्ता भुक्तानी हुने गरी नियुक्त निजि शिक्षकलाइ नगरपालिकाले तलव भत्ता भुक्तानी दिने गरी अनुदान दिन नियमसम्मत नदेखिएकोले अनियमित रु | |
| २४ | | | **कमल बजार बहुमुखी क्याम्पस अनुदान**<br><br>कमल बजार बहुमुखी क्याम्पसलाइ आ व २०७८।७९ मा ४ जना शिक्षकको तलब भता रु २३०८७१७।० अनुदान उपलव्ध गराएको छ । सो संस्थाको गत वर्षको वाशलातमा बैक मौज्दात रु ४२३४१४१।८८ देखाएबाट शिक्षकलाइ तलब भता भुक्तानी गर्न नसक्ने अवस्था देखिदैन भने सामाजिक विकास मन्त्रालयबाट समेत अनुदान प्राप्त गरेको छ । प्रशस्तै बैक मौज्दान रहेको संस्थालाइ दोहोरो सरकारी अनुदान दिएको उपयुक्त देखिएन ।अत: निजि स्रोतको क्याम्पसको शीक्षकलाइ बर्षै भरि तलब भता भुक्तानी गरेको औचित्य पुष्टी हुनु पर्ने देखिएको रु | २,३०८,७१७ |
| २५ | | | **कृषकलाई अनुदान**<br><br>यस वर्ष विभिन्न शिर्षकमा कृषकलाइ अनुदान उपलव्ध गराएकोमा कृषकबाट पचास प्रतिशत रकम संकलन गरेकोमा उक्त रकम कार्यालयको विविध खातामा आम्दानी नगरी सम्बन्धित प्राविधिक कर्मचारीले नै बुझिलिएको पाइयो ।अत: कृषकबाट संकलन गरेको रकम कार्यालयको विविध खातामा दाखिला गरी कार्यक्रम सम्पन्न भए पश्चात कार्यालयको अंश र कृषकसँग संकलन गरेको रकम एक मुष्ट सम्बन्धितलाई नियमानुसारका कर कट्टा गरी भुक्तानी गर्नु पर्दछ ।कार्यालयमा दाखिला नगरी सम्बन्धित प्राविधिकले नै संकलन गरेको कृषकको अंश रकम केही उदाहरण निम्न अनुसार छन्:<br><br>शिर्षक: कृषि चालु; भौ नं: ३१९।११।१०; विवरण: आलुको विउ; रकम: १००००० | |

| शिर्षक | भौ नं | विवरण | रकम |
|---|---|---|---|
| कृषि चालु | ३१९।११।१० | आलुको विउ | १००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कृषि चालु</td><td>३३१।११।११</td><td>विउ विजन</td><td>१७००००</td></tr>
<tr><td>कृषि चालु</td><td>३३४।३।२०</td><td>विउ विजन</td><td>९९००००</td></tr>
<tr><td>पशुचालु</td><td>३४०।३।२०</td><td>बाख्रा पकेट</td><td>४६००००</td></tr>
<tr><td>पशुचालु</td><td>३४४।३।२०</td><td>बाख्रा पकेट</td><td>४८००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>
निशुल्क पाठ्यपुस्तक अनुदान<br><br>
कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरणका आधारमा पाठ्यपुस्तक संख्या यकिन गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत र विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद एवं वितरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिनुपर्ने उल्लेख छ ।पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानी ७५ प्रतिशत प्रथम किस्ताबापत र २५ प्रतिशत थप अनुदानबापतको रकम ४६ विद्यालयलाई निकासा दिएको देखियो।अत: बढी निकासा भएको रकम असूल हुनु पर्ने रु<br><br>
<table>
<tr><td>कक्षा</td><td>दिनुपर्ने विद्यार्थी</td><td>दिएको विद्यार्थी संख्या</td><td>पाठ्यपुरस्तक दर</td><td>बढी रकम रु</td></tr>
<tr><td>५</td><td>७४६</td><td>७५८</td><td>४०८।१</td><td>४८९७।</td></tr>
<tr><td>११</td><td>३०७</td><td>३०९</td><td>३१२</td><td>६२४</td></tr>
<tr><td>१२</td><td>२४७</td><td>२८७</td><td>३८८</td><td>१५५२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२१०४१।०</td></tr>
</table>
</td><td>२१,०४१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन दुई कोठे र चार कोठे कक्षा कोठा निर्माण गर्न पालिकाले निम्न ६ विद्यालयको खातामा रु. १४४०००००।निकासा दिएको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रमा चालु आर्थिक वर्षभित्र कार्यक्रम सम्पन्न गर्न व्यवहारिक कठिनाई देखिएकोले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित विद्यालयको खातामा तत्काल निकासा दिई सो को प्रतिवेदन, लेखापरीक्षण, सामाजिक परीक्षण लगायतका कार्यको लागि सम्बन्धित विद्यालयलाई जिम्मेवार र जवाफदेही बनाउने उल्लेख छ। कार्यालयले विद्यालयको खातामा निकासा दिएकोमा हालसम्म विद्यालय भवन निर्माण सम्पन्न भएको पाइएन। आर्थिक वर्षको अन्त्यमा २०७९।०३।२७ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माण कार्य सम्पन्न नभएको कारण उल्लेख गरी रकम रोक्का गर्न प्रभु बैंक कमलबजार शाखा अछामलाई पत्राचार गरेको छ। विद्यालय भवन निर्माण कार्य नहुँदै पूरै रकम निकासा दिनु नियमसम्मत नदेखिएकोले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को दफा ११ (छ) बमोजिम विद्यालय भवन निर्माण कार्यको निर्माण सम्पन्न प्रमाण पेश हुनुपर्दछ रु· | १४,४००,००० |

| सि. नं. | रकम रहेको खाता नं. | खाता नम्बर | रोक्का हुने रकम |
|---|---|---|---|
| १ | श्री भवानी देवि आ. वि. वयाला | १.३०००९३७९८९०००१२ | १८०००००। |
| २ | श्री पद्यमासना आ. वि. सेरा | १.३०००९३४७१८०००२४ | ३६०००००। |
| ३ | श्री विद्याप्रवोधनी मा. वि. घोडासैन | १.३०००८९४५३५०००१५ | ३६०००००। |
| ४ | श्री बागेश्वरी आ. वि. लाची | १.३०००९३७१७५०००१३ | १८०००००। |
| ५ | श्री नवदुर्गा आ. वि. घोडासैन | १.३०००९३२९६५०००११ | १८०००००। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६ / ने. रा. मा. वि. वयाला क. नं. पा. ३ / १.३०००९३७५२४०००१९ / १८०००००।<br>जम्मा / १४४०००००। | |
| २८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| २८.१ | | | स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस नगरपालिका अन्तर्गत १० वडामा ३७ योजना सञ्चालन गरी यस वर्ष ५२९ जनालाई १०० दिन रोजगारी उपलव्ध गराई रु.३०२१४०२८।० श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्ष्यित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।कामका लागी पारीश्रिमकमा आधारित सामूदायिक आयोजना (संचालनतथाव्यवस्थापन) कार्यविधि २०७७ अनुसार श्रमिकले रोजगारी गरेको दिनको गणना गरी स्थानीय तहवाट सो रकम सिधै श्रमिकको वैंक खातामा निकासा गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्: | |
| २८.२ | | | **विद्यालय घेरा पर्खाल** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत शिशुवोधनी मा वि घेरापर्खाल रु २०१९५००।०० र शिवभक्ती आ वि घेरा पर्खाल रु १२६९४००।०० समेत रु ३२८८९००।० को भुक्तानी हुँदा सम्बन्धित विद्यालय व्यवस्थापन समितिले सो निर्माण कार्य भएको व्यहोरा र उक्त घेरा पर्खाल लगाउन अन्य निकायबाट बजेट नछुट्याएको व्यहोराको निर्णय माइन्युट पेश हुनु पर्ने रु | ३,२८८,९०० |
| २८.३ | | | **पुरानो बाटोको फोटो संलग्न गरी ज्याला भुक्तानी** : प्रधानमन्त्री रोजगार कार्यक्रमको श्रमिकलाइ ज्याला भुक्तानी गर्दा डोर हाजिर फाराममा भुक्तानी गर्ने प्रमाणित गर्नेको दस्तखत नभएको र संलग्न फोटोमा गत विगतमा नै भएको जस्तो देखिने घाँस विरुवाले भरिएको बाटो पर्खालको फोटो पेश भएको हुँदा यस सम्बन्धमा छानविन गरी बास्तविक | १,७३१,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | काम भएकोमा आश्वस्त गराउनु पर्दछ भने वडा नं ७ मा १३ जनालाइ १०० दिनको रु ७५०१००।०० जग्मा खोला सुन्देवी सडक र वडा नं ९ घेगड सिडि निर्माणमा १७ जना १०० दिनको रु ९८०९००।०० समेत रु १७३१०००।०० को पेश भएको डोरहाजिरी प्रमाणित नभएको र रुख विरुवा उम्रिको फोटो संलग्न भएकोले काम भएको भनी आस्वस्त हुन नसकिएको रु | |
| २९ | | | **औषधी खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिनेव्यवस्था छ ।यस नगरपालिकाले रु. १२०००००।० को औषधी बोलपत्र मार्फत र रु १७९९२९५।० को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको,<br>•आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको<br>•आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको,<br>•औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>तसर्थ तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण गर्ने एवं निशुल्क रुपमा वितरण गर्नुपर्ने भनी तोकिएका औषधिमा लोगो सहित निशुल्क वितरण गर्नुपर्ने भनी उल्लेख गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्दछ । | |
| ३० | | | **डोजर, लोडर, एक्साभेटर मर्मत** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु ६४४०५५।०० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु २०४४००।० मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |
| ३१ | | | **सामाजिक सुरक्षातर्फ** | |
| ३१.१ | | | **वैकमार्फत सामाजिक सुरक्षा भता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार लाभग्राहीहरुको मृत्युभएमा, वसाईसराई गरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, वालवालिकाको हकमा पाँचवर्ष उमेर पूराभएमा, नविकरण नगरेमा, एक आर्थिकवर्षको कुनै पनि किस्ता रकम वैकमार्फत वितरण भएकोमा लगातार उक्तवर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ताप्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीयतहले मूल अभिलेखवाट लगतकट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मूल अभिलेख तयार गरी पेश नभएकोले लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्थाको पूर्णरुपमा पालना हुनुपर्दछ। | |

| सि.नं | मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|---|
| १ | टिपर | १ | ० | ३४४०० |
| २ | जे सि वि | १ | ६४४०५५ | १७०००० |
| ३ | जीप टाटा | १ | ६७०१५५ | ० |
| ४ | जीप स्कार्पिओ | १ | ८१५६६८ | ० |
| ५ | एम्बुलेन्स | १ | १६४६२७ | |
| | जम्मा | | २२९४५०५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.२ | | | कमलबजार स्थित प्रभु बैकमार्फत सामाजिक सुरक्षा भता वितरण हुँदै आएको मा वडा नं १ देखि १० सम्म का व्यक्ती हरुलाइ रु ११७७८७२७२।० भता बैकमा निमासा पठाएको छ।वितरण गरी बाँकी रहेको रकम रु ८५६९२२।२९ का सम्बन्धमा मृत्यु भएका बसाइ सरी गएका बालबिलका ५ वर्ष उमेर पूरा भएका लगायत यस बर्ष लगत कट्टा भएको अभिलेख अद्यावधिक गरी रकम झिक्न बाँकीको मात्र रकम बैकमा रहने गरी लगत कट्टा भएका जतिको रकम फिर्ता हुनु पर्नेमा अभिलेख अद्याबधिक नगरेकोले सो बैकमा बाकी रहेको रकम यकिन गरी फिर्ता हुनु पर्दछ । | |
| ३२ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८।७९ मा कन्टीन्जेन्सी बापत रु १७१२४००।०० कट्टी गरी खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ३३ | | | **योजना हस्तान्तरण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समूदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भए पश्चात आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो वमोजिम योजना हस्तान्तरण गरेको पाइएन । योजना हस्तान्तरण नहुंदा सोको रखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |
| ३४ | | | **लागत सहभागिता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३५ | | | **निर्माण कार्यको गुणस्तर**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागी सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामाग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, ढुङ्गा र सिमेन्टको गाहो लगाउने तथा ढलान कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेन्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता परीक्षण कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नुपर्दछ । | |
| ३६ | | | **सार्वजनिक लेखापरीक्षण**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७घ(३) मा उपभोक्ता समिति मार्फत गरेको कार्यको संन्चालन र मर्मत सम्भारको जिम्मेवारी उपभोक्ता समितिमा निहित रहने गरी सम्झौता गर्नुपर्नेमा अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा सूचना टाँस गर्नुपर्ने र काम कारवाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षणगर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अधिकांश योजनाहरुको सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>जटिल संरचना निर्माण<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>सोझै खरिद<br><br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रु.५ लाखसम्मको खरिद कार्य सौझै गर्न सकिने रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलवन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले विभिन्न निर्माण कार्यमा रु.५ लाखमा नबढाई पटक पटक गरी निर्माण गरेको पाइयो।कार्यपालिकाको निर्णयबाट सोझै खरिद गरेको कार्यालयको जवाफ रहेको छ ।
<table>
<tr><th>गो. भौ. नं. मिति</th><th>निर्माण व्यवसायी</th><th>कामको विवरण</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>६।०७८।६।२०</td><td>आशिष निर्माण सेवा</td><td>सडक मर्मत</td><td>४,८६,३००।</td></tr>
<tr><td>१८।०७८।०८।२९</td><td>रञ्जना निर्माण सेवा</td><td>सडक मर्मत</td><td>४,९७,८३६।</td></tr>
<tr><td>२३।०७८।०९।१६</td><td>भगवान निर्माण सेवा</td><td>सडक मर्मत</td><td>३,९८,०५९।</td></tr>
<tr><td>१३०।०७९।०२।०६</td><td>दक्षिण महाकाली निर्माण सेवा</td><td>निर्माणस्थल सम्याउन</td><td>३,१९,४५१।</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६६।०७९।०३।०३</td><td>लक्ष्मीतारा निर्माण सेवा</td><td>सडक मर्मत</td><td>७,९९,३३५।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२५,००,९८१।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
सब कन्ट्रयाक्टर<br><br>
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैँले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नसकिने व्यवस्था छ। पालिकाले विभिन्न वडामा डोजरबाट बाटो खन्ने काम उपभोक्ता समितिसंग सम्झौता गरी सम्बन्धित वडाको सिफारिस सहितको आधारमा भुक्तानी गरेको छ।उक्त कार्य उपभोक्ता समिति आफैँले नगरी निम्न सब कन्ट्रयाक्टरबाट रु. ६९,०६,९९२।१० को काम गराएको छ। निर्माण व्यवसायीले पेश गरेको कर विजकको आधारमा मुल्य अभिवृद्बि कर समेत भुक्तानी भएको छ। ठेक्का मार्फत उक्त कार्य गराई प्रतिस्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समितिमार्फत सब कन्ट्रयाक्टरले पेश गरेको विलको रकम भुक्तानी गर्दा थप व्ययभार परेको छ। सो सम्बन्धमा पालिकाको ध्यान जानुपर्छ।
<table>
<tr><th>गो. भौ. नं. मिति</th><th>निर्माण व्यवसायी</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>१०६।०७९।०३।२६</td><td>विष्ट कन्सट्रक्सन</td><td>डोजरबाट बाटो खन्ने</td><td>९,१७,८४३।१७</td></tr>
<tr><td>१०६।०७९।०३।२६</td><td>भगवान निर्माण सेवा</td><td>डोजरबाट बाटो खन्ने</td><td>६,१९,४६९।०२</td></tr>
<tr><td>१०६।०७९।०३।२६</td><td>मनकामना निर्माण सेवा</td><td>डोजरबाट बाटो खन्ने</td><td>१४,८६,७९८।३०</td></tr>
<tr><td>६३।०७९।०३।१९</td><td rowspan="2">क्षितिज कन्सट्रक्सन</td><td rowspan="2">डोजरबाट बाटो खन्ने</td><td rowspan="2">१२,३०,०८८।४९</td></tr>
<tr><td>र १०७।०७९।३।२६</td></tr>
</table>
</td><td>८९७,९०८.९८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६३।०७९।०३।१९<br>र १०७।०७९।३।२६</td><td>एल. पि. जी. इन्जिनियरिङ एण्ड कन्सट्रक्सन प्रा. लि.</td><td>डोजरबाट बाटो खन्ने</td><td>११,८९,४९५।४२</td></tr>
<tr><td>६३।०७९।०३।१९<br>र १०७।०७९।३।२६</td><td>दक्षिण महाकाली निर्माण सेवा</td><td>डोजरबाट बाटो खन्ने</td><td>८,६१,३४०।</td></tr>
<tr><td>२।०७८।१२।०७</td><td>दक्षिण महाकाली निर्माण सेवा</td><td>डोजरबाट बाटो खन्ने</td><td>६,०१,९५७।७०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६९,०६,९९२।१०</td></tr>
</table>
साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा निर्माण सामाग्रीको दरभाउ, मेशिन उपकरणको भाडा दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख भएकोमा सो विपरित डोजरबाट माटो खन्ने कामको जिल्ला दर रु ३५००।– प्रतिघण्टाको दरले प्रति.घ.मि दर सफ्ट स्वायलको रु ४४।५७, सफ्ट रकको प्रति.घ.मि रु १२८।०३ र हार्ड रकको रु २२१।०४ दररेटमा मू.अ.कर थपगरी क्रमश प्रति घ.मि रु ५०।३६,१४४।६७ र २४९।७८ सब कन्ट्रयाक्टर मार्फत काम गराई उपभोक्ता समितिलाई रु ६९०६९९२।१० भुक्तानी गरेकोले सो को मूल्य अभिवृद्धि कर रु ८९७९०८।९८ असूल हुनुपर्छ रु
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>ठेक्का प्रतिस्पर्धा नभएको<br><br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा १८ (३) मा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत विद्युतीय प्रणाली बमोजिम विद्युतीय सञ्चारको माध्यमबाट बोलपत्र पेश गर्ने उल्लेख छ। पालिकाले भवन निर्माण, सडक बत्ती, विद्युतीय सामान बोलपत्र माध्यमबाट खरिद गरेकोमा विद्युतीय सञ्चार माध्यमबाट बोलपत्र पेश भएको छैन। बोलपत्रदाताले हार्ड कपी पेश गरेको पाइयो। यसरी हार्डकपी पेश गरेकोमा बोलपत्र बिक्रीको तुलनामा न्युन संख्यामा बोलपत्र पेश</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएको र लागत अनुमानको हाराहारीमा ठेक्का सम्झौता गरेको छ।यसबाट मिलेमतो गरी ठेक्कामा प्रतिस्पर्धा हुन नसकि निर्माण कार्य मितव्ययी नभएको देखिन्छ। निम्नानुसार ठेक्का प्रतिस्पर्धी नभएकोले विद्युतीय सञ्चार माध्यमबाट बोलपत्र पेश गरी कानूनको पालना हुनुपर्दछ। उक्त ठेक्काको मूल्यांकन गर्दा मूल्यांकन समितिले पेश भएको ३ बोलपत्रमध्ये सारभूतरुपमा प्रभावग्राही एक बाहेक अन्य २ बोलपत्रदाता अमान्य गरेको कारण मूल्यांकनमा खुलाउनुपर्नेमा खुलाएको नपाइएकोले छानबिन गरिनुपर्दछ।
<table>
<tr><th>ठे. नं.</th><th>कामको विवरण</th><th>बोलपत्र बिक्रि संख्या</th><th>पेश भएको संख्या</th><th>लागत अनुमान</th><th>कबोल अंक रु.</th><th>घटी कबोलअंक प्रतिशत</th></tr>
<tr><td>०४।०७८ ।७९</td><td>विद्युतीय सामान खरिद.</td><td>४२</td><td>३</td><td>३६,३६,११७।९४</td><td>३६,३१,२२३।३६</td><td>०.२२</td></tr>
<tr><td>०२।०७८ ।७९</td><td>६ वडा कार्यालय भवन निर्माण</td><td>१७</td><td>३</td><td>१९,९९,९५४।६५</td><td>१९,९८,४३१।९१</td><td>०.०८</td></tr>
<tr><td>०३।०७८ ।७९</td><td>९ वडा कार्यालय भवन निर्माण</td><td>२०</td><td>३</td><td>१९,९९,९५४।६५</td><td>१९,९८,६८९।११</td><td>०.०६</td></tr>
<tr><td>०५।०७८ ।७९</td><td>सडक सौर्य बत्ती खरिद तथा जडान</td><td>२८</td><td>३</td><td>९,९९,४९०।</td><td>९,९८,०१६।</td><td>०.१५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>विमा<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा वढीको निर्माण कार्य गराउंदा निर्माण कार्य, मेशिनरी औजार, कामदार लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायको निर्माण कार्य निर्माण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवसायी मार्फत गराउंदा सम्झौतामा विमा गराउने प्रावधान नराखी निर्माण कार्य गराई भुक्तानी दिएको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था विपरित विमा नगराइ निर्माण कार्य गराउनु हुंदैन । | |
| ४२ | | | **नन्फाइलर**<br><br>मूल्यअभिवृद्बि कर ऐन २०५२ को दफा १८ मा भुक्तानीमाप्राप्त मूल्य अभिवृद्बि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पाता र किला खरिद गर्दा सप्लायर्स धमाला हाडवेयर्श अडर एण्ड सप्लायर्सलाई मू अ कर रु२५३५६६ समेत रु१९५१०१७ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई नन्फाईलर रहेको रु | २५३,५६६ |

| प्यान न | भुक्तानी रकम | मुअकर कर | नन्फाइलर रहेको मिति |
|---|---|---|---|
| ३०४३४७००३ | ४४,३६८ | ५,७६७ | २०७८ माघ |
| ३०४३४७००३ | ४४,२५० | ५,७५२ | |
| ३०४३४७००३ | ४४,५०५ | ५,७८५ | |
| ३०४३४७००३ | ४५,०३६ | ५,८५४ | |
| ३०४३४७००३ | ४४,३४३ | ५,७६४ | |
| ३०४३४७००३ | ४५,०३६ | ५,८५४ | |
| ३०४३४७००३ | ४२,५०० | ५,५२५ | |
| ३०४३४७००३ | ४४,३६९ | ५,७६७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३०४३४७००३ | ४४,६८१ | ५,८०८ | |
| ३०४३४७००३ | ४४,७७९ | ५,८२१ | |
| ३०४३४७००३ | ४४,४३५ | ५,७७६ | |
| ३०४३४७००३ | ४४,४१२ | ५,७७३ | |
| ३०४३४७००३ | ४६,७८३ | ६,०८१ | |
| ३०४३४७००३ | ४६,३०० | ६,०१९ | |
| ३०४३४७००३ | ४२,६०५ | ५,५३८ | |
| ३०४३४७००३ | ४५,६४४ | ५,९३३ | |
| ३०४३४७००३ | ४५,६९० | ५,९३९ | |
| ३०४३४७००३ | ४४,४४० | ५,७७७ | |
| ३०४३४७००३ | ४४,३८६ | ५,७७० | |
| ३०४३४७००३ | ४४,२५० | ५,७५२ | |
| ३०४३४७००३ | ४४,२५० | ५,७५२ | |
| ३०४३४७००३ | ३७,१७३ | ४,८३२ | |
| ३०४३४७००३ | ४५,०३६ | ५,८५४ | |
| ३०४३४७००३ | ४४,४२७ | ५,७७५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ३०४३४७००३ | ४४,२५० | ५,७५२ | |
| ३०४३४७००३ | ४४,२५० | ५,७५२ | |
| ३०४३४७००३ | ४४,२७१ | ५,७५५ | |
| ३०४३४७००३ | ४४,२५० | ५,७५२ | |
| ३०४३४७००३ | ४४,२५० | ५,७५२ | |
| ३०४३४७००३ | ४४,५५४ | ५,७९२ | |
| ३०४३४७००३ | ४४,०७३ | ५,७२९ | |
| ३०४३४७००३ | ४४,४२७ | ५,७७५ | |
| ३०४३४७००३ | ४४,४२७ | ५,७७५ | |
| ३०४३४७००३ | ४४,५५४ | ५,७९२ | |
| ३०४३४७००३ | ४४,५५४ | ५,७९२ | |
| ३०४३४७००३ | ४४,२०१ | ५,७४६ | |
| ३०४३४७००३ | ४४,२५० | ५,७५२ | |
| ३०४३४७००३ | ४४,४२७ | ५,७७५ | |
| ३०४३४७००३ | ४४,४२७ | ५,७७५ | |
| ३०४३४७००३ | ४५,०३६ | ५,८५४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३०४३४७००३</td><td>४४,२५०</td><td>५,७५२</td><td></td></tr>
<tr><td>३०४३४७००३</td><td>४४,२५०</td><td>५,७५२</td><td></td></tr>
<tr><td>३०४३४७००३</td><td>४४२५०</td><td>५,७५२</td><td></td></tr>
<tr><td>३०४३४७००३</td><td>४४,२५०</td><td>५,७५२</td><td></td></tr>
<tr><td>जम्मा</td><td>१९५१०१७</td><td>२५३५६६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>
न्यून प्रगति<br><br>
सम्झौता बमोजिमको निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्नुपर्छ। स्वास्थ्य कर्मचारी आवास भवन ३ तला निर्माण गर्ने र १५ सैया आधारभुत अस्पताल २ तला निर्माण कार्य सम्झौतामा तोकिएको अवधिभित्र सम्पन्न हुने स्थिति देखिएको छैन। आवास भवन निर्माण गर्ने २०७९ श्रावण २५ भित्र सम्पन्न गर्ने म्याद तोकिएकोमा उक्त अवधिभित्र पहिलो तलाको ढलान सम्म भएको छ। ठेक्का म्याद थप भएको छैन।म्याद थपेको प्रकृयामा रहेको पालिकाको भनाई रहेको छ। त्यस्तै १५ सैया अस्पताल भवन सम्पन्न गर्ने २०७९।०८।०२ सम्म म्याद तोकिएकोमा लेखापरीक्षण अवधिसम्म भुईतलाको आधा पिलरसम्मको काम भएको छ।उक्त भवन निर्माण सम्पन्न हुने म्याद लेखापरीक्षण अवधिबाट ३ महिना मात्र बाँकी रहेको छ। यसरी दुवै भवनको भौतिक प्रगति न्यून रहेकोले तोकिएको अवधिभित्र कार्य सम्पन्न गर्न पालिकाको ध्यान जानुपर्दछ। दुवै भवनको हालसम्मको वित्तीय अवस्था निम्नानुसार छ।<br><br>
<table>
<tr><td>भवन</td><td>सम्झौता रु.</td><td>खर्च</td><td>खर्च प्रतिशत</td></tr>
<tr><td>स्वास्थ्य कर्मचारी आवास भवन</td><td>५९,५७,०३६।५०</td><td>१२,७१,४५०।६१</td><td>२१.३४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५ सैया अस्पताल</td><td>१२,१८,०४,८३८।</td><td>३,७५,८०,४३०।</td><td>३०.८५</td></tr>
</table>
तोकिएको अवधिभित्र कार्यसम्पन्न नहुँदा लागत वृद्बि हुने, भेरियसन हुने र कार्यको गुणस्तर संतोषजनक नहुने भएकोले निर्माण कार्यको सुपरभिजन लगायत निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्न सुनिश्चितता हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>
रीतपूर्वकको कर विजक<br><br>
मूल्य अभिवृद्बि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्बि करमा दर्ता भएको फर्मसंग तोकिएको ढाँचामा कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ तर नगरपालिकाले रीतपूर्वकको कर विजक बेगर देहायका निर्माण व्यवसायीबाट मूल्य अभिवृद्बि कर रु. ३६०१७३।४३समेत रु.२७,७०,५६८।२९ को निर्माण सेवा खरिद गरेको छ। तसर्थ उक्त निर्माण व्यवसायीले रीतपूर्वकको कर विजक बेगर पालिकाबाट भुक्तानी लिएको मूल्य अभिवृद्बि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो. भौ. नं. मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>करविजकको अवस्था</th><th>भुक्तानी रु.</th><th>मु. अ. कर रु.</th></tr>
<tr><td>६।०७९।०३।०८</td><td>भगवान निर्माण सेवा</td><td>६०१७१०१८२</td><td>कर विजक नम्बर नभएको</td><td>७,०८,६८५।१२</td><td>९२,१२९।०६</td></tr>
<tr><td>१३०।०७९।०२।०६</td><td>दक्षिण महाकाली निर्माण सेवा</td><td>६१४०७६८८०</td><td>कर विजक नम्बर हातले लेखेको</td><td>२,८२,७००।</td><td>३६,७५१।</td></tr>
<tr><td>१०७।०७९।०३।२६</td><td>दक्षिण महाकाली निर्माण सेवा</td><td>६१४०७६८८०</td><td>कर विजक नम्बर नभएको</td><td>८,६१,३४०।</td><td>१,११,९७४।२०</td></tr>
<tr><td>२०३।०७९।०३।२६</td><td>विष्ट कन्सट्रक्सन</td><td>६०७२८४७७३</td><td>कर विजक नम्बर हातले लेखेको</td><td>९,१७,८४३।१७</td><td>१,१९,३१९।१७</td></tr>
</table>
</td><td>३६०,१७३.४३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| २७,७०,५६८\|२९ \| ३६०१७३\|४३ | |
| ४५ | | | **वितरण मुखी खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।पालिकाले सुत्केरीसँग उप प्रमुख कार्यक्रममा रु११४४०००\|०० वितरण गरेको छ । यस प्रकारका खर्च स्वास्थ्य तर्फबाट नियमित रुपमा गाडीभाडा देखि कुखुरा अण्डा पोषणयुक्त खानेकुरा समेत वितरण भैरहेकोले दोहोरो पर्ने गरी कार्यक्रम तय भएको समेत देखिएकोले यस प्रकार वितरणमुखी कार्यक्रम र दोहोरो कार्यक्रम नहुने गरी खर्च गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्ने देखिएको | |
| ४६ | | | **सेनेटरी प्याड**<br><br>सामुदायिक विधालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनेटरी प्याड व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यविधिमा उल्लेखित प्रक्रिया अनुसार वार्षिक १० महिना अवधिका लागि निशुल्क सेनेटरी प्याडको व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।सोको मूख्य जिम्मेवारी सम्बन्धित स्थानीय निकाय र विधालयमा हुने कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था छ।यस पालिकाले २०७९/३/५ मा १५८०० प्याकेट सेनेटरी प्याड नव भवानी मेडिसेल्सबाट सोझै खरिद गरी रु ९९९८२४\|०० भुक्तानी गरेको देखियो भने मिति २०७९/३/२४ मा २० विधालयको खातामा स्यानीटरी प्याड खरिद गर्न भनी रु ९५८०८०\|०० निकासा दिएको छ।खरिद गरिएका सेनेटरी प्याड वितरणको प्रमाण छैन भने कार्यालयबाट खरिद गरिसकेपछि पुन विधालयको खातामा निकासा दिएको र गत वर्षको मौज्दात १९२० प्याकेट बाँकी रहेकोमा सो समेत वितरणको प्रमाण पेश हुनुपर्दछ।कार्यविधिमा तोकिए अनुरुप वास्तविक मागका आधारमा समयमै खरिद एवं हस्तान्तरण नगरी मौज्दात रहने गरी वर्षान्तमा सोझै खरिद गर्ने, वर्षान्तमा मौज्दातमा रहेको परिमाण अर्को आर्थिक वर्षमा आम्दानी समेत नसार्ने एवं हस्तान्तरण भएको सामानको आवश्यकता र उपयोगको सम्बन्धमा अनुगमन मूल्याङ्कन नगर्ने कार्य नियमित नदेखिएको रु. | १,९५७,९०४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **विपद व्यवस्थापन** | |
| ४७.१ | | | **समिति गठनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि यो वर्ष ६वटा बसी विपद पूर्व तयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार गरेको देखिन्छ । | |
| ४७.२ | | | **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने सम्बन्धी व्यवस्था छ ।नगरपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ । | |
| ४७.३ | | | **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोष<br><br>प्रकोप व्यवस्थापन कोष खाताको विवरण निम्नानुसार छन्<br>
<table>
<tr><td>गत वर्षको अल्य</td><td>१३५७८७५|८४</td></tr>
<tr><td>यस वर्षको आय</td><td>२००००००</td></tr>
<tr><td>जम्मा आय</td><td>३३५७८७५|८४</td></tr>
<tr><td>यस वर्षको खर्च</td><td>१९९८०२०|५९</td></tr>
<tr><td>बाकी</td><td>१३५९८५५|५९</td></tr>
</table>
उपर्युक्त खर्च मध्ये कर्मचारीको तलब भता रु ११३७८५० औषधी सामग्रीखरिद रु ४९७५८५|० र अन्य विविध रु ३६२५८५|२५ खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>जलवायु परिवर्तन सहयोग कार्यक्रम तर्फ</td><td></td></tr>
<tr><td>४९.१</td><td></td><td></td><td>जलवायुपरिवर्तन सहयोग कार्यक्रमतर्फ रु.१,६४,००,०००|सहयोगप्राप्त भएकोमा रु.१,२८,०२,३५१|खर्च भई रु.३५,९७,६४९|संघिय संचित कोषमा फिर्ता भएको छ। कार्यक्रम खर्चमा देखिएका व्यहोरा निम्नानुसार छ।</td><td></td></tr>
<tr><td>४९.२</td><td></td><td></td><td>जनश्रमदान: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको विल भुक्तानी गर्दा लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने अवस्था छ। निम्न क्रमागत निर्माण कार्यको उपभोक्ता समिति मार्फत काम गराएकोमा उपभोक्ता समितिले व्यहोर्ने अंश २० प्रतिशत सम्झौता भएकोमा १० प्रतिशत मात्र उपभोक्ताको अंश कट्टा गरेको पाइएकोले घटी जनश्रमदान कट्टा गरेको रकम रु</td><td>३९०,३०२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>गो. भौ. नं. मिति</td><td>उपभोक्ता समिति</td><td>अन्तिम विलको रकम</td><td>सम्झौता अनुसारको २० प्रतिशत हुने श्रमदान</td><td>कट्टा गरेको जन श्रमदान १० प्रतिशत</td><td>घटी जनश्रमदान</td></tr><tr><td>१०३।०७९।०३। २५</td><td>कमल बजार वृहत पोखरी निर्माण उपभोक्ता समिति</td><td>३९,०३,०२०।</td><td>७,८०,६०४।</td><td>३,९०,३०२।</td><td>३,९०,३०२।</td></tr></table> | |
| ४९.३ | | | **विल विजकको भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१)(ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विलको भुक्तानी गर्दा नापीकिताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। निम्न निर्माण कार्यको विल भुक्तानी गर्दा विल अफ क्वान्टिटीको निम्न आइटमको नापी बेगर भुक्तानी गरेको पाइएकोले नापी नगरि भुक्तानी रकम असुल गर्नुपर्छ रु.<table><tr><td>क्र. स.</td><td>निर्माण व्यवसायी/ उपभोक्ता समिति</td><td>निर्माण काम</td><td>नापी नगरेको आइटम</td><td>नापी नगरेको रु.</td></tr><tr><td>१</td><td>कृषि संकलन केन्द्र निर्माण उपभोक्ता समिति</td><td>संकलन केन्द्र निर्माण</td><td>रिटेनिङ वाल</td><td>४,८५,५६९।५५</td></tr><tr><td>२</td><td>कमल बजार खानेपानी योजना विस्तार उपभोक्ता समिति</td><td>खानेपानी योजना</td><td>पाइपलाइनको काम</td><td>९८,९२४।९२(भुक्तानी विलमा रु.१४.०३.८१५।६१नापीमा रु.१३.०४.८९०।६९)</td></tr></table> | ५८४,४९४.४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ५,८४,४९४।४७ | |
| ४९.४ | | | **अधुरो काम:** सम्झौता बमोजिमको निर्माण कार्यको भुक्तानी कार्यक्रम कार्यान्वयन कार्यविधिको अनुसुची २ बमोजिम ३ किस्तामा सम्पूर्ण कार्य सम्पन्न भए पश्चात भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले रु.६९,९६,२९८।६१ लागत भएको कमल बजार खानेपानी योजनाको २०७८।१२।३० सम्म सम्पन्न गर्नुपर्ने उपभोक्ता समितिसंग सम्झौता गरेकोमा सम्पूर्ण कार्य सम्पन्न नगरी केही आंशिक काम गरेको मुल्यांकनको आधारमा रु.२०,७६,१६१।भुक्तानी गरेको छ।सम्झौता अनुसार सार्वजनिक धारा ६ वटा बनाउनुपर्नेमा सार्वजनिक धारा नबनाएको, निजी धारा १०२ वटा बनाउनुपर्नेमा ३० वटा मात्र बनाएको र पाइपलाइन काम ८ कि. मी. गर्नुपर्नेमा ३ कि. मी. मात्र गरेको छ। यसरी सम्झौतामा तोकेको काम सम्पन्न गरेको पाइएन।यसरी वैदेशिक सहयोग प्राप्त रकम उपयोग गरेको देखिएन। | |
| ४९.५ | १०३ | २०७९-३-२५ | **नभएको कामको भुक्तानी:** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२३ (१)(ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विलको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। कमलबजार वृहत पोखरी निर्माण उपभोक्ता समितिलाई ठेक्का विलको आधारमा रु.२२,६३१९७। भुक्तानी गरेकोमा सम्झौता बमोजिम कामको विभिन्न आइटममध्ये नापी र कार्य सम्पन्न प्रतिवेदनअनुसार वास आउट च्याम्बर नभएको कामको रु.२७,१८६।०७ समेत भुक्तानी भएको छ। ठेक्का विलमा देखाएको आधारमा भुक्तानी गरेकोले यसरी नभएको कामको समेत भुक्तानी गरेको असुल गर्नुपर्ने रु. | २७,१८६.०७ |
| ५० | | | **पेश्की**<br><br>आर्थिक वर्षको अन्त्यमा बांकी रहेको पेश्की मध्ये लेखापरीक्षण अवधीसम्म फछ्र्यौट भएको रकम घटाई बांकी पेश्की रकम प्रचलित नियमावली वमोजिम फछ्र्यौट गर्नुपर्ने रु. | १३०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं</td><td>पेश्कीको व्यहोरा</td><td>पेश्की लिनेको नाम</td><td>पेश्की रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td></td><td>ह स चा विरेन्द्र बहादुर खड्का</td><td>३००००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>२</td><td></td><td>बड्डी अछाम मिडिया</td><td>१०००००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>३</td><td>भवन निर्माण</td><td>वि एण्ड पि कन्स्ट्रक्सन</td><td>९३५७१०</td><td>म्याद ननाघेको</td></tr>
</table>
म्याद नाघेको पेश्कीलाई मात्र लगती व्यहोरा कायम गरिएको छ ।
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br><br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><td>गत वर्षसम्मको बाँकी बेरुजू (A) रु हजारमा</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) रु हजारमा</td><td>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B) रु हजारमा</td></tr>
<tr><td>७९९८३</td><td>१७८५</td><td>७८१९८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>
सम्परीक्षण<br><br>
यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फर्छ्यौटको आधार (रु.हजारमा) | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६। ७७ | ४९ | बढि परिमाण | असूली | | | | १५७५७६५ |
| २ | २०७६। ७७ | ४८ | दोहोरो भुक्तानी | असूली | | | | १७२०२४ |
| ३ | २०७७। ७८ | | दोहोरो सुविधा | असूली | | | | ३६७९७ |
| | | | खड्ग व विष्ट | | | | | |
| | | | शरद प्र ढुंगाना | | | | | |
| | | | टंक ब भण्डारी | | | | | |
| | | | पूर्ण प्र बजगाइ | | | | | |
| | | | टेक ब विष्ट | | | | | |
| | | | पार्वती कु विसि | | | | | |
| | | | रिना सुनार | | | | | |